
# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ७, बर्ष २, कार्तिक १ गते, बिहिबार


## *दरबाङ्ग आधारभूत अस्पतालद्वारा एघारौं परिवार योजना दिवस कार्यक्रम सम्पन्न ।*



दरबाङ्ग आधारभूत अस्पतालको आयोजनामा एघारौं राष्ट्रिय परिवार योजना दिवस अस्पताल प्रमुख डा . गायत्री पौडेलकोअधक्षयतामा सम्पन्न भएको छ/ कार्यक्रम ज.स्वा.नि. यमन नेपालीले प्रतुतिकरण गर्नुभएको थियो।




## *अन्नपुर्ण गा.पा. अन्तर्गत भू.तातोपानी र शिख स्वास्थ्य चौकी १० हप्ता सम्मको सुरक्षित गर्भपतन सेवा सुचिकृत ।*




अन्नपुर्ण गापा अन्तर्गत भु तातोपानी र शिख स्वास्थ्य चौकीमा १० हप्ता सम्मको सुरक्षित गर्भपतन सेवा सुचिकृत भएको साथै निरन्तर रुपमा तालिम प्राप्त स्वास्थ्यकर्मी द्वारा सेवा प्रदान गर्दै आइरहेकोहुनाले आवश्यक सेवाग्राहिहरुले सेवा लिनुहुन सम्बन्धीत सबै मा जानकारि गराइन्छ/


# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ७, बर्ष २, कार्तिक १ गते, बिहिबार






धवलागिरी गाउँपालिका मुदी स्वास्थ्य चौकीमा हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा सी.गोबिन्द के . को उपस्थितिमा हाडजोर्नी सम्बन्धी २ दिने (२०८१/०६/१० र ११ गते) स्वास्थ्य शिबिर सम्पन्न भएको छ। शिबिरमा हाडजोर्नी सम्बन्धि समस्या भएका धवलागिरी स्थित मुदी निवासी सम्पूर्ण बिरामीहरु लाभान्वित भएका छन।






# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ७, बर्ष २, कार्तिक १ गते, बिहिबार


## *मुदी स्वास्थ्य चौकी द्वारा स्वास्थ्य परिक्षण साथै स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।*



मुदी स्वास्थ्य चौकीद्वारा बुद्धि विकास माध्यमिक बिधालयमा साधारण स्वास्थ्य परिक्षण तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिएकोछ/ उक्त कार्यक्रममा विद्यार्थी लगायत शिक्षक हरुको उपस्थिति रहेको थियो।




## *विश्व रेबिज दिवसको अवसरमा नारच्याङ्ग स्वास्थ्य चौकी द्वारा रेबिज सम्बन्धि कार्यक्रम सम्पन्न।*



अन्नपूर्ण गाउँपालिका अन्तर्गत नारच्याङ्ग स्वास्थ्य चौकीद्वारा श्री प्रभा माध्यमिक विधालयमा " Breaking Rabies Boundries" भन्ने मूल नाराका साथ रबिज रोकथाम सम्बन्धि स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा विद्यार्थी लगायत शिक्षक हरुको उपस्थिति रहेको थियो।



# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ७, बर्ष २, कार्तिक १ गते, बिहिबार

## *गुर्जा स्वास्थ्य चौकीद्वारा स्वास्थ्य परिक्षण तथा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।*

धवलागिरी गाउँपालिका अन्तर्गत गुर्जा स्वास्थ्य चौकीद्वारा श्री जनकल्याण माध्यमिक बिधालयमा स्वास्थ्य परिक्षण साथै स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा विद्यार्थी लगायत शिक्षक हरुको उपस्थिति रहेको थियो।



## *सुरक्षित प्रसुती गृह सामुदघाटन सम्पन्न।*

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ्ग स्वास्थ्य चौकी अन्तर्गत सुरक्षित प्रसुती गृह उदघाटन कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रम न्नपूर्ण गाउँपालिका वडा नंवडा अध्यक्ष ४- श्री लोक बहादुर फगामीको अध्यक्षता,गाउँपालिका अध्यक्ष श्री भारत कुमार पुनको प्रमुख आतिथ्यता,प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद शर्मा कँडेल र सामाजिक बिकास समिति संयोजक श्री ओम प्रसाद फगामीको विशिष्ट आतिथ्यतामा र जन स्वास्थ्य निरीक्षक श्री समुन्द्र बरुवालका साथै सम्पूर्ण आदरणीय व्यक्तित्वहरु लगायत नारच्याङ बासी आमा,बुबा,दाजु,भाई,बहिनीहरुको उपस्थितिमा समुदघाटन समारोह कार्यक्रम सुसम्पन्न भएको थियो/



## *मुदी स्वास्थ्य चौकीद्वारा न्युनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न*

स्वास्थ्य शाखा धवलागिरी गाउँपालिका तथा मुदी स्वास्थ्य चौकीको समन्वय र स्वास्थ्य कार्यालय म्याग्दी र वान हार्ट वोर्ल्ड वाइड को प्राबिधिक सहयोगमा न्यूनतम सेवा मापदण्ड )MSS) सपन्न भएको छ / जसमा मुदी स्वास्थ्य चौकीले उत्कृस्ट नम्बर ८२ % प्राप्त गर्न सफल भएको छ।



कार्यक्रममा गाउँपालिका उपाध्यक्ष रेशम पुन मगर, स्वास्थ्य शाखा प्रमुख सम्झना खाती क्षेत्री, स्वास्थ्य चौकी ब्यवस्थापन अध्यक्ष लगायत सम्पूर्ण समिति र जिल्ला स्वास्थ्य कार्यालय बाट जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटा, परिवार नियोजन निरिक्षक गणेश सुबेदी र वान हार्ट वोर्ल्ड वाइड का जिल्ला संयोजक उपेन्द्र चन्द को उपस्थितिमा सम्पन्न भएको थियो/



## *शिशु स्वागत घरको स्थापना ।*

धवलागिरी गाउँपालिका- ६ अन्तर्गत मराङ स्वास्थ्य चौकी स्थित संस्थामा सुत्केरी हुन आउने सेवा ग्राहीलाई सुत्केरी नहुन्जेल पकाएर खान बस्नको लागि ब्याबस्था गर्ने उदेश्यका साथ शिशु स्वागत घरको स्थापना गरिएको छ।






# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ७, बर्ष २, कार्तिक १ गते, बिहिबार


## स्वास्थ्य कार्यालय म्याग्दीद्वारा स्वागत कार्यक्रम

गण्डकी प्रदेश, लोकसेवा आयोग बाट सिफारिस भइ आउनु भएको बरिस्ठ सहायक भावना शर्मा (प्रशासन) र स्वास्थ्य कार्यालयम्याग्दीको करार पदपूर्ति बाट आउनु भएको कोल्ड चेन असिस्टेन्ट हम बहादुर फगामी लाइ स्वास्थ्य कर्यालय म्याग्दीद्वारा स्वागत कार्यक्रम गरिएको थियो




## मुना स्वास्थ्य चौकीद्वारा निःशुल्क स्वास्थ्य परिक्षण शिबिर सम्पन्न



धवलागिरी गाउँ पालिका वडा नं. ३ को सामाजिक सुरक्षा भत्ता बितरण कार्यक्रमको अवसरमा मुना स्वास्थ्य चौकीको आयोजना र वडा कार्यलय, स्वास्थ्य शाखाको समन्वयमा जेष्ठ नागरिक, अपांग, बालबालिका र अन्य सेवाग्राहिलाई लक्षित गरि सन्चालन गरिएको निः शुल्क स्वास्थ्य परिक्षण शिविरमा १४१ जनाले सेवा लिनु भएको छ। शिविरमा सुगर, प्रेसर र अन्य समस्याको परिक्षण,उपचार र परामर्श गरिएको थियो।

## स्वास्थ्य शाखा रघुगंगा गाउँपालिकामा उत्तर प्रसुति स्याहार (PNC Home Visit) कार्यक्रमको समिक्षा तथा सुष्मयोजना तयारी गोष्ठी सम्पन्न ।




रघुगंगा गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा स्थानीय तहमा उत्तर प्रसूति स्याहार (PNC Home Visit) कार्यक्रमको समिक्षा तथा सुक्ष्मयोजना तयारी गोष्ठी सम्पन्न भएको छ । गाउँपालिका उपाध्यक्ष श्री प्रेम कुमारी पुन ज्यूको अध्यक्षता र गाउँपालिका अध्यक्ष श्री भव बहादुर भण्डारी ज्यूको प्रमुख आतिथ्यतामा संचालन भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री चेतनारायण भण्डारी ज्यू, स्वास्थ्य शाखा प्रमुख ज्यू,

# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ७, बर्ष २, कार्तिक १ गते, बिहिबार



स्वास्थ्य कार्यालय म्याग्दीकी प.हे.न. श्री सारती कुवँर, सबै वडाका स्वास्थ्य चौकी प्रमुख ज्यूहरु तथा नर्सिङ्ग कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सबै स्वास्थ्य संस्थाका नर्सिङ्ग कर्मचारीहरुले गत आ.व. मा सम्पादित PNC Home Visit कार्यक्रमको प्रगति, कार्यक्रमका अनुभवहरु (सकरात्मक तथा सुधारात्मक) प्रस्तुतिकरण गर्नुभएको थियो। उक्त कार्यक्रमको सञ्चालन विर बहादुर ओलीले गर्नुभएको थियो।




## *डेंगु नियन्त्रण सम्बन्धि बहस पैरवी कार्यक्रम सम्पन्न।*



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा डेङ्गु रोग नियन्त्रण सम्बन्धि सरोकारवालाहरू संग बहस पैरवी कार्यक्रम सम्बन्न भएको छ। कार्यक्रममा म्याग्दी जिल्ला अन्तर्गतका सम्पूर्ण सरोकारवालाहरुको उपस्थिति रहेको थियो/

## *मुदी स्वास्थ्य चौकीद्वारा स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न।*



# मासिक जनस्वास्थ्य खबर पत्रिका

अंक ७, बर्ष २, कार्तिक १ गते, बिहिबार

मुदी स्वास्थ्य चौकी मा कार्यरत स्वास्थ्यकर्मी हरुको उपस्थिति र नेर्वाङ आ वि को समन्वय मा श्री नेर्वाङ आ वि मा अध्ययनरत विद्यार्थी हरुको साधारण स्वास्थ्य परिक्षण गरियो साथै गाउघर क्लिनिक र स्वास्थ्य आमा समुहको वैठक पनि सन्चालन गरियो




## मालिका-६ दर्बाङ्गमा एकीकृत बजार अनुगमन गरिएको छ।

जिल्ला प्रशासन कार्यालय, म्याग्दीको आयोजना तथा मालिका गाउँपालिकाको समन्वयमा मालिका गाउँपालिका-६ दर्बाङ्गमा एकीकृत बजार अनुगमन, सुपरिवेक्षण तथा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय, जिल्ला पर्यटन कार्यालय, भेटेनरी अस्पताल लगायत मालिका गाउँपालिका, स्वास्थ्य शाखा मालिका गाउँ पालिका, साथै उद्योग बाििणज्य संघ दर्बाङ्ग, इलाका प्रहरी कार्यालय दर्बाङ्गका प्रतिनिधिहरुको उपस्थितिमा संयुक्त रुपमा अनुगमन गरेको थियो।कार्यक्रममा निजि स्वास्थ्य संस्था, खाद्यान्न पसल, मासु पसल, होटेल रेस्टुरेन्टहरुको अनुगमन गरि आवश्यक निर्देशन दिनुका साथै मिति सकिएका समानहरु नस्ट गर्ने कार्य गरिएको थियो



अनुगमनका क्रममा आवश्यक मापदण्ड नपुगेका स्वास्थ्य संस्था हरुलाई १ महिना भित्र सम्पूर्ण मापदण्ड पुराउन निर्देशन समेत दिएको थियो।

